# ४ व्यक्तिगत जीवनशैलीबाट सुप्रचारप्रसार गर्नु र गवाही दिनु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* २ कोरन्थी ३:२,३, मत्ती ९:३६-३८, १ कोरन्थी ९:२०-२२, मर्कूस ५:१-१९, यूहन्ना १७:११-१९।

*स्मरण गर्नुपर्ने पद:* "तबिथा नाउँ गरेकि विश्वासी जोप्पामा थिइ। युनानी अर्थात् ग्रीक भाषामा उक्त नाउँ डोरकास थियो। उनी जहिले पनि अरूको भलाई गर्दथिन्। गरीबहरूलाई उनले सधैं सहायता गर्दथिन्।" (प्रेरित ९:३६ रूपान्तरित)।

**मूल सोच:** जानेर वा नजानेर, स्वीकार गरोस् वा नगरोस्, सारा विश्वासीहरूले परमेश्वरको सुसन्देश आफ्ना जीवनशैलीबाट प्रचार गरिरहेको हुन्छ।

**इसाई जीवन केवल विश्वासलाई आत्मसात् गर्नुमात्र होइन भनेर लोक कथनमा भएको हामी पाउँदछौं।** येशूलाई ग्रहण गर्दा विश्वासीको जीवनले नयाँ मोड लिन्छ र नयाँ मार्गमा हिंड्छ। कोहि मानिस येशूमार्गमा हिंडेको छ भनेर देखाउन चाहन्छ भने उसले जीवनशैलीबाट प्रमाणित गरेर देखाउनुपर्दछ। कस्तो निर्णय गरेर हामी हिंड्न चाहन्छौं र कस्तो जीवन बिताउन चाहन्छौं भन्ने कुरालाई हामीले गरेको बिश्वासले नै प्रभावित पार्दछ।

इसाई हुँ भनेर दावी गर्नेहरू एक्लै हुँदैन, किनकि अरूले तिनीहरूलाई नजिकबाट हेरिरहेका हुन्छन्। गैर-विश्वासीले पनि ती इसाईहरू आफूले दावी गरेको अनुसार चलिरहेको छ कि छैन भनेर होशियारसाथ ध्यानदिएर हेरिरहेका हुन्छन्। हाम्रो जीवनपद्धतिप्रति हामी सचेत नभएतापनि, हामीबाट सिक्न अरूले चनाखो दिएर हेरिरहेको कुरालाई हामी पन्छाउन सक्दैनौं। त्यसकारण यो महत्त्वपूर्ण प्रश्नलाई आत्मसात गर्नु अत्यन्त जरुरी मान्नुपर्दछ: "अरूहरूलाई हामीले कस्तो प्रभाव पारिरहेकाछौं? अथवा अरूहरूले हाम्रो जीवनशैलीबाट कस्तो अनुसरण गरिरहेकाछन्? उनीहरूलाई हामीले के सिकाइरहेकाछौं?"

हाम्रा वरिपरिरहेका प्रत्येक व्यक्तिलाई कुनै न कुनै किसिमले हामीले प्रभावित पारिरहेकाछौं भन्ने तथ्यलाई हरदम सम्झिरहनुपर्दछ। हामीहरूको बिश्वास र जीवनशैलीको बिचमा गाढा सम्वन्ध छ भनेर

देखाउने योजना पनि हामीमा हुनुपर्दछ। केवल चोला परिवर्तनमात्र होइन, आत्मपरिवर्तनपनि भएको छ भनेर अरूले देखोस् भन्ने कुरामा हामी सजग भइरहनुपर्दछ। इसाई अर्थात् येशूभक्तको जीवनशैलीमा परमेश्वरप्रतिको आस्था र विश्वासले कस्तो महत्त्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् भन्ने आत्मज्ञान यस अध्यायमा हामी अध्ययन गर्नेछौं।

## १. मौन प्रवचनहरू (यूहन्ना १३:३५)

प्रथम् शताव्धीका विश्वासीहरू येशूका अनुयायी थिए भनेर तपाईंले कसरी चिन्नुहुन्थ्यो होला? मानिसहरूको धार्मिक पोशाकबाट तिनीहरू फरिसी पण्डित र पुजारी भनेर चिनिन्थे। त्यसरी नै माझी, गाउँले, किसानी, देशीविदेश र रोमी सिपाईंहरु पनि तिनीहरूकै लुगाले चिनिन्थे। तर येशूका अनुयायीहरूलाई कुनै विशेष पोशाक लगाउनलाई वन्दोवस्त नगरेको र निर्देशन नदिएको हुनाले तिनीहरू येशूमार्गमा हिँडेका हुन् भनेर तपाईंले कसरी चिन्नुहुन्थे होला?

**यूहन्ना १३:३५मा भनिएको छः "यदि तिमीहरूले एक एक-आर्कालाई प्रेम गर्‍यौं भने, यसैबाट सबैले थाहा पाउनेछौ कि तिमीहरू मेरा चेलाहरू हौ।" (रूपान्तरित)। अरूभन्दा म चोखो छु भनेर देखाउन बिशेष पोशाक पहिरण गरेर कि अरू कुनै बिशेष तरिकाबाट हामी उहाँका अनुयायी हौं भनेर अरूलाई देखाउने? हाम्रो कुन आचरणबाट येशूभक्त हौं भनेर देखाउने? येशूको भनाइको अर्थ के हो?**
यदि एक आपसमा हामी मायाप्रेम गर्दछौं भने हामी उहाँका चेला वा भक्त हौं भनेर देखाउँदछौं भनेर येशूले भन्नुभएकोछ। अब अरूप्रति माया कसरी देखाउने त? (के कुनै गुफा वा अलग कोठा वा गोप्य ठाउँमा बसेर अरूको हितमात्रै सोचेर हामी अरूलाई माया देखाउँदछौं त?)। यदि येशूभक्तहरूमा सक्रिय प्रेमाभाव छ भने अरूले तिनीहरूको जीवन फरक भएको भेट्टाउनेछ। हामी परमेश्वरको आज्ञा अर्थात् इच्छालाई शिरोपर गरेर हिंडाईले र अरूहरूलाई गरेको व्यवहारले हामी येशू र अरू विश्वासी भक्तजनहरूलाई कसरी प्रेम गर्दछौं भनेर देखाउँदछौं। हाम्रो आचरणले येशूको प्रेमलाई झल्काउँछ। परमेश्वरको चर्चको दायरामा नपरेका अरू जनहरूलाई हामी कस्तो व्यवहार गर्दछौं, त्यसले पनि हामी प्रेममा छौं कि छैनौं भनेर छर्लङ्ग देखाउँदछ। कति मानिसहरू चर्चमा आएर प्रवचन सुन्ने अवसर पाउँदैन, तर हाम्रो जीवन नै अरूको निम्ति प्रवचन हुन्। अरूहरूले सुन्ने र हेर्ने प्रवचन हामी नै

हौं। हाम्रो जीवनले नै हाम्रो वचनभन्दा ठूलो स्वर हुन्छ। मानिसहरूको ढोंगीपना वा पाखण्डीपना आफ्ना छोराछोरीहरूले कलिलै उमेरमा देखेका र त्यसप्रति संवदेनशीलभएका कतिपय आमाबाबुहरूले महशूस गरेकाछन्। जब केटाकेटीहरू हुर्कन्दै जान्छ तब तिनीहरूले बालककालमा देखेका ढोंगीपना अझ मजबूत भएर बढ्दछन्। त्यसरी नै हामी सत्य आत्मिक जीवन अपनाएका छौं कि केवल धर्मको खोल लगाएर हिंडेकाछौं, त्यस जीवनलाई धेरै मानिसहरूले छुटयाएर हामीहरूलाई हेरिरहेका हुन्छन्। हाम्रो बोलीवचन र व्यवहारले हाम्रो धर्मलाई मानिसहरूले चिन्दछन्।

**२ कोरन्थी ३ः२,३ पढ्नुहोस्। परमेश्वरले उहाँका जनहरूको जीवनबाट अरूहरूलाई प्रभावित पारून भनि उहाँ चाहनुहुन्छ भनेर पावलले कसरी भनिरहेकाछन्?**

असल होस् वा चाहे खराब होस्, हाम्रा वरिपरि भएका मानिसहरूलाई हामीले प्रभावित पारिरहेकाछौं भन्ने कुरालाई ख्याल राख्नबाट चुक्नुहुन्न। इसाई तथा येशूभक्तको जीवन यस संसारमा पठाइएको येशूको पत्र जस्तै हो। परमेश्वरको अनुग्रहले नविकरण भइरहेको हाम्रो हृदयले नै हामीमा सुसमाचारले परिवर्तन गर्ने शक्ति छ भनेर देखाउँदछ। परमेश्वरको निम्ति प्रभावकारी गवाही हुने माध्यम हाम्रो जीवित पत्र हो।

येशूप्रति सच्चा प्रेम देखाउने मानिसहरूबाट के तपाईं प्रभावित हुनुभएको छ? इसाई हुँ भनेर दावी गर्छन् तर तिनीहरूको आचरण र व्यवहारचाहिं ढोंगी वा धोकापूर्ण भएका मानिसहरूबाट के तपाईं वाक्क हुनुभएको छ? तपाईंको व्यवहार र आचरणले अरूलाई कुनै न कुनै रूपमा असर पार्दछ भन्ने कुराप्रति तपाईं कसरी चनाखो भएर बस्ने?

## २. मानिसहरूलाई करुणा, दयामाया, कृपा देखाउने स्वभाव (मत्ती ९:३६-३८)

नचिनेको मानिस आइरहेको गइरहेको प्रक्रिया प्रत्येक दिन हामीहरूले देखिरहेकाहुन्छौं। सडकमा, रेष्टुराँमा, पसलमा, बस स्टप आदिहरूमा अपरिचितसँग हामी हिंड्छौं र पर्खन्छौं। कतिपय समयमा ती मानिसहरूलाई देखेर हामी छक्क पर्दै हिंडछौं पनि होला। ती मानिसहरूको रहनसहन वा पहिरनले गर्दा हाम्रा आँखाका नानीहरूलाई ठूलठूलो बनाएर तिनीहरूको सामु नजिक भएर जान्दछौं पनि। प्रत्येक

दिनमा भेट्ने मानिसहरूलाई सधैं व्यक्तिगत रूपमा हामी सम्पर्क राख्न सक्दैनौं। यद्यपि, ती सबै मानिसहरूले परमेश्वरलाई स्वीकार गरुन् भन्ने उहाँको चाहाना छ। मानिसलाई मुक्तिदिने परमेश्वरको योजनामा हामी कुनै न कुनै रूपमा कहिँ न कहिँ कुनै न कुनैसँग सहभागी भइरहेका हुन्छौं।

**मत्ती ९:३६-३८ येशूले आफ्ना मर्माहत भावना कसरी व्यक्ति गर्नुभएको छ? हाम्रो दैनिक जीवनमा उहाँका ती वचनहरूलाई कसरी हृदयङ्गम गरेर अगाडि बढिरहने? उहाँका ती वचनलाई हामीले कसरी असलीरूपमा प्रयोग गर्ने?**

हतास निराश, भौंतारिएको, उदासी जीवनले पिरोलिएका भिँडलाई येशूले हेरिरहनुभएको थियो। आश्वासनै आश्वासनका मार्गमा परिरहेका मानिसहरूले धर्मप्रति पनि वितृष्णा जागेर त्यसलाई त्यागन कसरत गरिरहेका थिए। येशूका पालामा धार्मिक अगुवाहरूले आफ्ना कर्तव्य पालन गर्न चुकिरहेका थिए। ती धर्मगुरूहरूकै परिणामले गर्दा मानिसहरू जताततै छरिएका थिए र निराशको बादलमा हराइरहेका थिए। तिनीहरूप्रति येशूको मनमा अत्यन्त करूणा र दयाले भरिरहेका थिए। ती मानिसहरूलाई आत्मिक गोठालाको आवश्यक थिए भनेर उहाँले थाहा पाउनुभएको थियो।

त्यहि परिवेशमा हामीहरूका वरिपरि रहेका कतिपय मानिसहरूले पनि ख्रीष्टलाई ग्रहण त गरेकै होला। तर धेरैलाई असल गोठालोको आवश्यक छ। ख्रीष्टको निम्ति हामी कदम बढाएर तिनीहरूकहाँ पुग्नु अत्यन्त जरूरी भएको हामीले महशूस गर्नुपर्दछ।

सुसमाचारको बिऊ रोप्ने तरखरमा येशू, उहाँका चेलाहरू र केहि अरू भक्तहरू लागेका थिए। तर जब सुसमाचार धेरै मौलाउँदै गयो वा बिश्वासीहरू बढ्दै गयो तब तिनीहरूको स्याहासंभार गर्न खेताला वा कार्यकर्ताहरूको आवश्यक पनि बढ्दै गएको थियो। अझ बढि खेतालाहरू वा कार्यकर्ताहरू होउन् भनेर प्रार्थना गर्न येशूले आफ्ना चेलाहरूलाई आह्वान गर्नुभएको थियो। उहाँका वचन सुन्ने मानिसहरूमा कतिपयले उहाँको बोलाहतलाई स्वीकार गरून् भन्ने उहाँको चाहना हुनसक्छ। तर ती आह्वानमा कार्यकर्ताहरूको आवश्यकता परमेश्वरलाई नै थाहा छ र तिनीहरूलाई चाहिने आपूर्ति उहाँले नै जुटाउनुहुन्छ भन्ने कबोल येशूले गर्नुभएको देखिन्छ।

कतिपय चर्चहरूका ठूल ठूला खेतहरू हुन्छन् अर्थात् सुसमाचार प्रचारप्रसार गर्ने क्षेत्रहरू हुन्छन्। केवल केहि सदस्यहरूले मात्र ती क्षेत्रहरूलाई हेर्न दिनु वा जिम्मेवारी दिनु बुद्धिमानी होइन। यदि हामी येशूको मनस्थिति बोकेर हाम्रा वरिपरि रहेका चर्च, परिवार तथा छरछिमेकिका हजारौं मानिसहरूप्रति करुणा र दया जगाउँछौं भने तिनीहरूलाई सुसमाचार सुनाउन धेरै कार्यकर्ताहरूलाई परमेश्वरले खताउन् भनेर हामीले प्रार्थना गर्नु आवश्यक ठान्नुपर्दछ। खेताला वा कार्यकर्ताहरूको प्रभु परमेश्वर नै हुनुहुन्छ। हुनसक्छ उहाँलाई विश्वास गर्दा सुसमाचार सुनाउन जोश जागेका हामी पनि त्यस कार्यकर्तामा भाग लिन मञ्जुर गराइन्छ होला। परमेश्वरको निम्ति खेताला बन्ने अभिभारा उहाँले हामीलाई पनि सुम्पन्न सक्नुहुन्छ।

टाडाका गाँउ, शहर वा घर घरमा गएर सुसमाचार सुनाउने जोशमा हामीहरूका स्थानिय फसल वा बाली भित्र्याउने कुराको समिक्षा गर्न पनि भुल्नुहुन्न। हामीहरूका नजिकका छरछिमेकीले पनि परमेश्वरको खोजनिति गरिरहेका हुनसक्दछन्। यदि हामीले तिनीहरूलाई दयामाया र करुणा देखायौं भने उनीहरूलाई पनि परमेश्वरतिर फर्काउन हामी प्रभाव पार्न सक्दछौं।

**करूणा, दयामाया, कृपा शव्दका अर्थहरू के हुन्, त्यसबारे चिन्तन गर्नुहोस्। तपाईंको आफ्नै दुःख कष्ट र आवश्यकतालाई सम्झेर अरूप्रति करूणा कसरी देखाउने? तपाईंका वरिपरि रहेका मानिसहरूलाई करूणा देखाउन तपाईं कसरी सिक्नुहुन्छ?**

## ३. ती मानिसहरूको जुत्तामा आफ्ना खुट्टा हालेर हिंड्नु (१ कोरन्थी ९:२०-२२)

तपाईंको सामु एउटा महत्त्वपूर्ण कुरा राख्न चाहन्छौं। मानिसहरूलाई के आवश्यकता छ भनेर अनुमान गरेर तिनीहरूलाई तपाँईले केहि पनि नदिनुहोस्। तर तिनीहरूको निम्ति के आवश्यकता तिनीहरूले गरिरहेकाछन्, त्यसप्रति तपाईं संवेदनशील हुनुहोस्। उनीहरूले हेर्ने दृष्टिकोण फरक भएको हुनाले उनीहरूलाई के जरुरी छ त्यसलाई तिनीहरूकै आँखाबाट हेर्न कोशिष गर्नुहोस्। तिनीहरूको चिन्ताफिक्री के छ? तिनीहरूको समस्या के छ? तिनीहरूको आवश्यकताप्रति तिनीहरूको भावना कस्तो छ?

**१ कोरन्थी ९:२०-२२ पढ्नुहोस्। बिभिन्न थरिका मानिसहरूको सामु जान कस्ता उपायहरू पावलले अपनाएका थिए भनेर ती पदहरूले हामीहरूलाई भनिरहेकाछन्? तिनीहरूको आवश्यकता बुझ्न र पहिचान गर्ने पावलको इच्छाको बारेमा तपाईं के भन्नुहुन्छ? हाम्रा वरिपरिरहेका मानिसहरूकहाँ कसरी पुग्ने भनेर पावलको तरिकालाई हामीले कसरी सिक्ने? हिब्रू ४:१५ पनि पढ्नुहोस्।**

आफ्नो विश्वासको सिद्धान्त वा नियमलाई नत्यागी वा आफ्नो आस्थालाई आँच आउने कुरामा कसैसँग कुनै सम्झौता नगरि पावल जहाँ जान र जे गर्न पनि पावल तयार भएको पाइन्छ। सुसमाचारको सत्यतालाई मानिसहरूलाई सिकाउने पावलको प्रवल इच्छा थियो। अर्को अर्थमा भन्ने हो भने, अरू मानिसहरूको संवेदनशीलतालाई बुझ्न उनीहरूको जुत्तामा आफ्नो खुट्टा राखेर हिँड्ने पावल तयार भएको हामी पाउँछौं। त्यो तरिका अपनाउँदा अरू मानिसहरूलाई येशू ख्रीष्टको सुसमाचार प्रभावकारी रूपमा सुनाउन आफू सक्षम् हुने कुरामा पावल विश्वस्त थिए। सुसमाचार प्रचार गर्ने निर्णायक भूमिका कसरी खेल्नेभन्ने सोचमा पावल हरदम लागिरहेका थिए।

मानिसहरूलाई के चाहिन्छ सो दिउँ भनेर हामी कतिपय समयमा सोच्दछौं। तर उनीहरूको खास आवश्यकता के छ सो हामीले बुझ्न कोशिष गर्नुपर्दछ। अरू व्यक्तिको जुत्तामा आफ्नो खुट्टा राखेर हिँड्नुको अर्थचाहिँ यो हो, उसको परिस्थिति, जीवन र समस्याहरूलाई उसकै दृष्टिकोणबाट बुझ्नु हो। तिनीहरूको दुःखसुखलाई बुझ्नु हो। तिनीहरूको बेदनाप्रति आफू दुःखित हुनु हो। तिनीहरूको खुशियालीमा आफू पनि सहभागी हुनु हो। अर्थात्, तिनीहरू जहाँ छन् त्यहिँ गएर हामीले भेटघाट वा सम्पर्क स्थापना गर्ने हो। (यसको अर्थ यो पनि हो, कसैप्रति करूणा देखाउनु भनेको आफूलाई कुनै अलग गुफामा बसेर कृपा, करूणा आदिबारे ध्यान गरेर बस्नु मात्र होइन। आफ्नो साधु वा भिक्षु जीवनले अरूको आवश्यकता वा समस्या सुल्झिन्दैन, न त सच्चा मानवताको परिभाषा नै दिन्दछ)।

अरूको आवश्यकता र समस्यामा संवदेनशील हुनु नै येशूको बिशेष गुण वा चरित्र थियो। आफूले उद्धार गर्न आउनुभएका मानिसहरूको जुत्ता लगाएर उहाँ हिँड्नुभएको थियो। हामीहरूको संघर्ष, हामीले सहेका यातनाहरू, हामीहरूका दुःख बेदनाहरू उहाँले राम्रैसँग बुझ्नुहुन्छ। किनभने हामीले झेल्नु परेका सबै मानविय वा अमानविय

अनुभवहरू उहाँले पनि अनुभव गर्नुभएको थियो। उहाँले ठूला ठूला निराशहरू भोग्नु भएको थियो। झुट, अन्यायी र अनुचित आरोपहरूको सामना उहाँले गर्नु परेको थियो। उहाँ कुनै जङ्गलको गुफा वा रूखमा बस्ने नभएर हामीमा नै रहने सच्चा परमेश्वर हुनुभएको थियो। हामीहरूको जीवनमा उहाँ पस्नु भएकोले नै उहाँ हाम्रो भावनात्मक परमेश्वर हुन योग्य हुनुभएको थियो।

हामीहरूको अनुभवमा उहाँ पस्नु भएकोले नै मानिसहरू जहाँ छन् त्यहाँ उहाँले भेट्न सक्नुहुन्छ। सुसमाचार प्रचारप्रसार र गवाही दिने क्रियाकलापमा येशूले केवल एउटा तरिका वा नितिमात्र अपनाउनुभएको थिएन भनेर सुसमाचारका पुस्तकहरू पढ्दा हामीलाई थाहा हुन्छ। मानिसहरूको आफ्नै परिस्थिति र वातावरणमा उहाँ पुग्नुभएको थियो। समाजबाट अलगिएर बसेकी स्त्रीलाई येशूले याकूबको इनारको छेउमा भेट्नुहुँदा उहाँले जीवित पानीको बारेमा गम्भिर वचन सुनाउनुभएको थियो। बिऊ छर्ने, कटनी गर्ने र मौसमको बारेमा कथाहरू भनेर येशूले किसानीहरूको भावनामा पस्नुभएको थियो। माछा, जाल र हुरीबतास आदिका कुरा गरेर मछुवा अर्थात् माझीहरूको मनलाई उहाँले जित्नुभएको थियो। दैनिक जीवन, परिस्थिति र वातावरणहरूलाई औंल्याएर येशूले महान् आत्मिक सत्यताहरू अचम्म तरिकाले सिकाउनुभएको थियो। जीवित पानी र सुसमाचारको बिऊ छर्नुपर्छ भनेर उहाँका श्रोताहरूले सिकेका थिए। उहाँले सिकाउनुभएका धेरै मानिसहरू सुसमाचार सुनाउने काममा संलग्न पनि भएका थिए।

## ४. अतिथी सत्कार गर्ने जीवनशैली (मर्कूस ५:१-१९)

मानिसहरूलाई येशूको बारेमा सुनाउने बेलामा एउटा भनाई छ जुन सबैलाई याद दिलाउँछ। त्यो होः "हामीलाई कति र के थाहा छ त्योसँग मानिसहरूले सरोकार राख्दैन जबसम्म हामीहरूले उनीहरूको हितमा हामी रूची देखाउँछौं भनेर तिनीहरूलाई थाहा हुन्दैन।" यसको अर्थ हामीले जोशले प्रचार गर्न सक्दछौं। अरूलाई शिक्षाअर्ती दिनमा हामी अत्यन्त सक्षम् होंला। तर हामीहरूले मानिसहरूको भावनालाई बुझ्दैनौं, उनीहरूलाई स्नेह देखाउँदैनौं, उनीहरूलाई माया गर्दैनौं, उनीहरू जस्तो छ त्यस्तै रूपमा हामीले बिनापूर्वाग्रह ग्रहण गर्दैनौं भने हामीहरूको गवाही र प्रचारप्रसारले असली रूपमा सफलता पाउँदैन। हामीहरूले प्रभावकारी रूपमा प्रचार गर्दछौं भनेपनि वा सत्य आत्मज्ञान

तथा शिक्षादिक्षा हामीहरूमा जति ठिक भएपनि त्यसको प्रभाव मानिसमा पर्नैपर्छ भन्ने छैन।

यसले अतिथि सत्कारको सरल वाख्यालाई निम्त्याउँदछ। अतिथि सत्कार भनेको घरमा ल्याएर खानपिन गराएर मानिसहरूको पेट भर्नुलाई मात्र भनिन्दैन। तर बिनापूर्वाग्रह मानिसलाई मनपराउनु वा स्वीकार गर्नु, खुला हृदयले उनीहरूलाई स्वागत गर्नु, आफ्नो तर्कमात्र ठिक छ भनेर ढिपी नगरि सबैतर्कलाई सुन्ने मन हुनु अर्थात् फराकिलो दिमाग हुनु, अरूको हित रूचीप्रति चासो देखाउनु, दया देखाउनु, करूणा देखाउनु, मित्रतामा गाँसिनु र अरूको सेवा गर्न तत्पर हुनु जस्ता सकारात्मक नितिहरू अतिथि सत्कारमा समावेश भएका हुन्छन्। परमेश्वरको महिमाको निम्ति र अरूहरूमा परमेश्वरप्रति आस्था जगाउन प्रयास गर्ने येशूभक्तहरूमा ती गुणहरू अदृष्य पोशाकको रूपमा औढिरहेकाहुन्छन्।

सैतानको आत्माले सताएको मानिसको बारेमा मर्कूस ५:१-१९मा पढ्नुहोस्। हाम्रा मित्रहरूले सुसमाचार सुन्न कत्ति उत्सुक हुनसक्छ र उनीहरूको मन खुल्न सक्छ भनेर येशूले त्यस निकोभएको मानिसलाई दिनुभएको निर्देशनले कसरी देखाउँदछ? व्यक्तिगत रूपमा सुसमाचार बाँड्ने र गवाही दिने प्रक्रियामा त्यो सुत्र वा निति हाम्रै जीवनमा लागु गराउन कसरी सिक्न सक्दछौं?

त्यस मानिसमा भएका भुत वा सैतानका आत्माहरूलाई येशूले कसरी धपाउनुभयो भनेर आफ्नै गाउँघरमा गएर सबैलाई सुनाउनु भनेर उहाँले निर्देशन दिनसक्नुहुन्थ्यो। तर आफ्ना मित्रहरूकहाँ जाऊ भनेर येशूले अराउनुभयो। परमेश्वरको प्रेम, अनुग्रह र मुक्तिको बारेमा सुसमाचार हामीहरूले सम्वन्ध राखेका व्यक्तिहरूले छिट्टै सुन्न सक्दछन् भनेर येशूले त्यस निको भएको मानिसलाई दिनुभएको निर्देशनले देखाउँदछ। अनि ती मित्रहरूले त्यस सुसमाचार जोशिलो पारामा अरूलाई पनि बाँड्न सक्दछन्। यस रितिले सुसमाचार सुनाउने क्रम अघि बढ्न सक्दछ।

विश्वासीहरूको घेरा भन्दा बाहिर गएर अरूहरूलाई मित्रताको हात बढाउनु अत्यन्त महत्त्वपूर्ण निति हो भनेर हामीहरूले मान्नुपर्दछ। धेरै बिश्वासीहरू चर्चका कर्मचारी हुँदैन। तिनीहरू बाहिरि संसारमा काम गरिरहेका हुन्छन्। तिनीहरूका गैर-बिश्वासी साथीहरू हुनु स्वाभाविक कुरो हो। तर आफूसँग काम गर्ने साथी वा कर्मचारीहरू सधैं नजिकैको

हुन्छ भन्ने छैन। तर सुसमाचारको प्रचार गर्ने मनले अतिथि सत्कार गर्ने येशूभक्तहरूले तिनीहरूलाई नजिकको साथी बनाउन सकिन्छ। त्यस नितिलाई अतिथि सत्कारबाट सुसमाचार सुनाउनु भनिन्छ।

अतिथि सत्कारद्वारा सुसमाचार सुनाउने येशूभक्तहरूले आफ्नो जीवनशैलीबाट ती अतिथि सत्कार बहेको हुन्छ। त्यसकारण मानिसहरूलाई सम्मान गरेर येशूको वचन सुनाउने प्रक्रियालाई हामीले नकार्नुहुँदैन। अतिथि सत्कार गर्ने स्वभाव प्रत्येक येशूभक्तको जीवनशैलीबाट झल्काउनुपर्दछ। (लूका १४:१२-१४ पनि पढ्नुहोस्)।

**तपाईंका वरिपरि रहेका छरछिमेकीलाई कसरी सत्कार गर्ने? तपाईंले सुसमाचार प्रचार गर्न जानुभएका मानिसहरूको आवश्यकतालाई जान्न तपाईं कत्तिको उत्सुक हुनुहुन्छ? के उनीहरूको आवश्यकताप्रति संवेदनशील हुन सिक्न चाहनुहुन्छ?**

## ५. मित्रताको घेरालाई फराकिलो पार्न तपाईंलाई सुझाव (यूहन्ना १७:११-१९)

कहिलेकाहिँ सत परमेश्वरलाई खोजिरहने व्यक्तिले येशूभक्तलाई भेटेर यो सोध्न सक्दछन्: "मुक्ति पाउन मैले के गर्नुपर्छ?" तर बिना गोठाला भएका, बरालिएका तथा हराएका भेंडा जस्ता भौंतारिएका मानिसलाई खोज्नु येशूभक्तको धर्म हो। ("कसैले येशूलाई विश्वास गर्न चाहन्छ भने मेरो घरमा आओस् वा चर्चमा जाओस्" भन्ने मनस्थितिबाट इसाई विश्वासी स्वतन्त्र हुनुपर्दछ)। चर्च भनेको किल्ला वा सुरक्षित घेरा अर्थात् मोर्चा जस्तो भएर देखाउँने ठाउँ हो भनेर कतिले आभास दिएका हुन्छन्। त्यस किल्ला व गढबाट केवल केहि मानिसहरूमात्र प्रचार गर्ने लक्ष्य बोकेर बाहिर जान्छन् रे! अनि तिनीहरूमात्र जोशले भरिएर कतिपयलाई येशूकहाँ ल्याउँछन् रे! अनि बाहिर संसारको नजिक नरहनु, उनीहरूसँग हेमचेम नगर्नु, सांसारिक मित्रहरूसँग अलग रहनु आदि भनेर कतिपय चर्चले नयाँ विश्वासीहरूलाई चेतावनीसाथ त्यस्ता तर्कहरूका घेरावन्धीमा राखेको हामी पाउँछौं। "मुक्ति पाएपछि अरूसँग अलग हुनुपर्दछ" भन्ने मनस्थिति कतिपय चर्चले सिकाउँदछन्। यो तर्क ठिक वा वेठिक भन्ने कुरालाई हामी बादबिवाद गर्न चाहेका होइनौं। तर कतिपय सेभेन्थ-डे एडभेन्टिस्ट बिश्वासीहरूमा चर्च भन्दा बाहिरका मानिसहरूसँग अर्थपूर्ण सम्वन्ध नरहेको कुरालाई हामी औंल्याउन चाहन्छौं। हो, हाम्रो जीवनलाई तहसनहस पार्ने वा नकारात्मक बाटोतिर

लगाउने वा परमेश्वरबाट टाढा राख्ने संसारका मानिसहरूसँग चनाखो भएर बस्नु जरुरी त छ नै। तर मानिसहरूसँग अलगै भएर वा अरूभन्दा म चोखो छु त्यसकारण तिनीहरूसँग नजिक जान्न भन्ने मनस्थितिले बिश्वासीहरूमा सुसमाचार सुनाउने खूबी अर्थात् रूचीलाई अपाङ्ग बनाउँछन्।

**संसारमा इसाई अर्थात् येशूभक्तहरूको स्थान कस्तो हुनुपर्दछ भनेर यूहन्ना १७:११-१०लाई केलाएर पढ्नुहोस्। कलस्सी ४:२-६ पनि पढ्नुहोस्।**

येशूले व्यक्त गर्नुभएका ती पदहरूबाट येशूभक्तहरूले तपसिलका केहि कुराहरूलाई आत्मसात् गर्नुपर्दछः तिनीहरू संसारमै छन् (पद ११)

येशूलाई बिश्वास गरेपछि तिनीहरू संसारको हुन्दैनन् (पद १४,१५)

तिनीहरूलाई संसारबाट अलग राखिने होइन, (अर्थात् तिनीहरूलाई चर्च सङ्घको सुरक्षाभित्र राख्न संसारबाट छुटाउनु होइन) (पद १५)

येशूले नै तिनीहरूलाई संसारमा पठाउनुभयो (पद १८ र साथै यूहन्ना २०:२१ पदि पढ्नुहोस्)।

हामी संसारमै जन्मिएका हौं। जबसम्म हामी यस संसारमा रहन्छौं तबसम्म यहाँ परमेश्वरको काम गर्न हामीलाई खटाइएको हुन्छ। येशूले आफ्ना पहिला चेलाहरूलाई संसारमै पठाउनु भयो (अर्थात् अलग भएर कुनै गुफामा ध्यान गर्न वा चर्चको सुरक्षित घेरामा बस्न उहाँले अराउनुभएको छैन। “सारा जाति र देशहरूमा गएर चेला बनाऊ" भनेर येशूले चेलाहरूलाई अन्तिम निर्देशन दिनुभएको थियो (मत्ती २८:१८))। त्यहि लक्ष्य हामीलाई पनि बोकाउनुभएर संसारका मानिसहरूकहाँ उहाँले हामीलाई पठाउनुभएको छ। सबै मानिसहरूलाई जहाँ जस्तोसुकै अवस्थामा पनि उहाँले प्रदान गर्नुभएको मुक्तिको समाचार सुनाउने जिम्मा प्रत्येक विश्वासीलाई येशूले सुम्पनु भएको छ।

यसको अर्थ हाम्रो अगाडि एक चुनौति खडा भएर बसेको महशूस गर्नुपर्दछ। हाम्रो व्यक्तिगत जीवनमा सुसमाचार सुनाउने दायरालाई फराकिलो पार्नुपर्दछ। हाम्रा वरिपरि रहेका चर्चमा पहुँच नहुनेहरूसँग पुग्न हाम्रो जीवनशैलीलाई मिलाउनु पनि पर्ने हुन्छ। यसको अर्थ हाम्रो सिद्धान्त, विश्वास, आदर्श र मूल्यमान्यतालाई सम्झौता गरेर हिंड्नु भनेको होइन। हाम्रो आस्थालाई ढक्का नपारिकन

मानिसहरूलाई येशूकहाँ ल्याउने अवसर हामीले हरदम खोजिरहनुपर्दछ। परमेश्वरको सत्यको निम्ति हामी सञ्चार माध्यम हुनसक्दछौं। यसरी परमेश्वरको सत्य बोल्ने प्रवक्ता हामी हुनसक्दछौं।

प्रायजसो हामीकहाँ मानिसहरू आउन निमन्त्रणा दिन जान्दछौं। तर येशूलेचाहिँ हामीहरू तिनीहरूकहाँ जानुपर्छ भनेर अराउनुहुन्छ। त्यसकारण हामी मानिसहरूबाट टाडा भएर बसेकाछौं कि भनेर सोच्नुपर्दछ। हुनसक्छ प्रचारप्रसार गर्ने खुबी पनि हराइसक्यौं कि भनेर मनमा कोतलेर सोध्नु पर्ने बेला आएको छ।

**आफ्नो मनमा कोत्याएर हेर्नुहोस्ः के तपाईं संसारबाट एकदमै अलग भएर बसिरहनुभएकोछ? वा संसारसँग टाँसिएर बस्नुभएको छ कि? संसारमै रहेर पनि परमेश्वरको बारेमा प्रचारप्रसार गर्ने रूची कसरी बढाउने? यस क्रममा फेरि संसारका संस्कारले नकारात्मक प्रभाव पार्नबाट हामी कसरी जोगिने?**

## उपसंहारः

**थप जानकारीः तपाईंमा के खूबी छ जुन् प्रचारप्रसार गर्ने चर्चको योजनामा तपाईं सामेल हुनसक्नुहुन्छ, त्यसलाई पत्ता लगाउन खोज्नुहोस्।**

प्रायजसो कतिपय स्थानिय चर्चहरूमा यस्ता केहि सुव्यवस्थित निकायहरू हुनसक्दछन् जसले आफ्ना प्रोग्रामहरूमा मानिसहरूलाई व्यस्त राख्दछन्। तर अरू चर्चको जीवनमा के भइरहेकाछन् भनेर ती निकायहरूलाई थाहा हुनैपर्छ भन्ने छैन। यसको अर्थ प्रचारप्रसार गर्ने योजना बिलकुल त्रुटिरहित नहुनपनि सक्दछ। त्यसकारण तपाईंको हौशला, सहयोग र बिचारधाराहरू अत्यन्त महत्त्वपूर्ण हुनसक्दछ। प्रचारप्रसार र गवाही दिने कार्यक्रममा तपाईंको खुबीलाई पनि समावेश भइयो भने ती कार्यक्रम पूर्ण रूपमा सफल हुनसक्दछ। त्यो लक्ष्य पूरा गर्न यहाँ केहि महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरिएकाछन्ः

अ. प्रचारप्रसार र गवाही दिने लक्ष्यलाई पूरा गर्न के योजना भइरहेको छ, त्यो योजना कुन् गतितिर गइरहेको छ भनेर छलफल गर्न तपाईंको स्थानिय चर्च पास्टर, एल्डर, प्रचारक अर्थात् गस्पल वर्कर्सँग भेटघाट गर्नुहोस्। प्रचारप्रसार र गवाही दिने चर्चको योजनामा तपाईं कहाँ संलग्न हुनसक्नुहुन्छ भनेर तपाईं खोजिरहनुभएको छ भन्ने कुरालाई तपाईं नबिर्सनुहोस्। चर्चले निधो गरेको लक्ष्य पूरा गर्न तपाईंको सहायता उल्लेखनीय हुनसक्दछ।

आ. हुनसक्छ तपाईंको चर्चमा प्रचारप्रसार गर्ने कार्यक्रम धेरै भइरहेकाछन् रे। तर ती योजनाबद्धरूपमा नहुन पनि सक्दछ, र लक्ष्यको बिषयमा पनि अन्यौल हुनसक्दछ। चर्च पास्टर, एल्डर र प्रचारकसँग छलफल गर्न समय माग्नुहोस्। प्रचारप्रसारको निम्ति तिनीहरूको व्यक्तिगत लक्ष्य के हुन् सो सोध्नुहोस्। छलफल गर्ने सिलसिलामा छलफल गरेका केहि कुराहरू टिप्नुहोस्। यसले तपाईंको प्रचारप्रसार गर्ने नेतृत्वको बिकास गर्ने प्रयास तपाईंले गरिरहनुभएको छ भनेर देखाउँदछ। तपाईंको चासोले गर्दा अरूहरूलाई पनि लक्ष्यमा पुग्न सहायता मिल्न सक्दछ। गैर-विश्वासीहरू समक्ष सुसमाचार सुनाउने काममा तपाईंको दिलचस्पीले धेरै उत्साह प्रदान गर्नसक्दछ।

इ. हुनसक्छ, योजनावद्धरूपमा तयार गरिएको प्रचारप्रसार गर्ने योजनमा तपाईं सामेल हुन निर्णय गर्नुभएको छ। तपाईंले चुन्नुभएको सेवाकार्य प्रचारप्रसार गर्ने वा गवाही दिने ठाउँ नयाँ हुनसक्दछ। मनमिल्ने विश्वासीहरूसँग तपाईंको सपनालाई साकार पार्न छलफल गर्नुहोस्। अनि त्यहि सपना बोकेका व्यक्तिहरूलाई समावेश गराएर सानो झुण्ड बनाउनुहोस्। तपाईंले पूरा गर्न चाहेका लक्ष्यहरूको सूची बनाउनुहोस्। त्यो लक्ष्य पूरा गर्न के के गर्नुपर्छ भनेर एक आपसमा छलफल गरि योजना बनाउनुहोस्।

**चिन्तनमनन:**

१. “कतिपय समयमा चर्चका पास्टरले गरेका प्रवचनमा सत्य बाटोमा हिंड्न चाहने इसाईहरूको जीवनसँग मिल्दोजुल्दो नभएको पाइएका छन्, अर्थात् त्यस प्रवचनसँग इसाई जीवनको सरोकार नभएको पाइन्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ९, पृ. २१बाट रूपान्तरित। तपाईंले दावी गर्नुभएको इसाई जीवनसँग तपाईंको गवाहीले कसरी साथ दिइरहेकाछन्?

२. समस्तरूपमा चर्चको बारेमा सोच्नुहोस्। चर्च समूदायमा तपाईं कत्तिको क्रियाशील हुनुभएको छ? यदि भोली तपाईंको चर्च वन्द भयो भने चर्चका वरिपरि रहेका छरछिमेकीको अनुभव कस्तो होला? तपाईंको चर्च भएपनि नभएपनि छरछिमेकीलाई केहि फरक पार्दछ र?